२०७५

# कस्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रम

## पेसा, व्यवसाय र प्रविधि शिक्षा

### आधारभूत तह (कक्षा ६-८)


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २. | तालिम सक्षमता | १ |
| ३. | तालिमका विषयवस्तु | २ |
| ४. | तालिम कार्यान्वयन कार्यविधि | ४ |
| ५. | तालिम मूल्याङ्कन | ६ |
| ६. | कार्ययोजना तथा प्रतिबद्धता | ६ |

## १. परिचय

गतिशील समय सँगसँगै शिक्षण सिकाइमा पनि नवीनतम प्रविधि, उपागम एवम् तरिकाहरू भित्रिरहेका छन् । यो परिप्रेक्ष्यमा नयाँ प्रविधि, उपागम तथा तरिकासित परिचित भई शिक्षण सिकाइमा प्रयोग गर्नुपर्ने दायित्व शिक्षकको हो । त्यसका लागि शिक्षकको निरन्तर पेशागत विकास आवश्यक छ । यसै कुरालाई मध्यनजर गरी शैक्षिक जनशक्ति विकास केन्द्रबाट तयार पारिएको शिक्षकको पेसागत विकासको प्रारुप, २०७२ ले शिक्षकको पेसागत विकास कार्यक्रमका लागि शिक्षक तालिम अर्न्तगत प्रमाणीकरण, पुर्नताजगी र स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिमको व्यवस्था  गरेको छ ।

शिक्षकको पेसागत विकासको प्रारुप, २०७२ ले सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकका लागि प्रमाणीकरण लगायतका तालिमको व्यवस्था गरेको छ भने गैरस्थायी शिक्षकका लागि छोटो अवधिको कस्टमाइज्ड तथा पूनर्ताजगी तालिमको व्यवस्था गरेको छ । यसै परिप्रेक्ष्यमा मूलतः सामुदायिक विद्यालयमा पेसा, व्यवसाय तथा प्रविधि शिक्षा विषय शिक्षण गर्ने शिक्षकहरूलाई लक्षित गरी शैक्षिक जनशक्ति विकास केन्द्रले यो पाँच दिने तालिम पाठ्यक्रम तयार गरेको छ । यस पाठ्यक्रममा पेसा, व्यवसाय र प्रविधि शिक्षा विषयको सन्दर्भ तथा आवश्यकता; पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सन्दर्भ सामग्रीको प्रयोग लगायत कक्षा ६ देखि ८ को पाठ्यक्रममा समेटिएका पेसा, व्यवसाय र प्रविधि तिनै क्षेत्रमा विषयवस्तुको सिकाइ सहजीकरणका लागि योजना निर्माण, सामग्रीको प्रयोग एवम् मूल्याङ्कन जस्ता  मुख्य विषयवस्तु समावेश गरिएको छ ।

## २. तालिमका सक्षमता

साधारण शैक्षणिक पक्षहरू एवम् रणनीति सम्बन्धी ज्ञान सिप अभिवृद्धि गरी सामुदाायिक विद्यालयमा आधारभूत तहमा अध्यापनरत गैरस्थायी शिक्षकहरूको पेसागत क्षमता विकासमा सहयोग पुर्‍याउने उद्देश्य लिएको यस तालिमपश्चात सहभागी शिक्षकहरुमा निम्न सक्षमताहरु विकास हुने अपेक्षा गरिएको छ :

- पेशा, व्यवसाय र प्रविधि शिक्षा विषय अध्ययनको आवश्यकता, औचित्य तथा महत्त्व विश्लेषण

- पेसा, व्यवसाय र प्रविधि शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीबिचको अन्तर्सम्बन्ध पहिचान
- विद्यार्थीका रूचि, क्षमता र स्तरअनुरुप वृत्ति विकासका सम्भावित क्षेत्रहरू पहिचान
- स्थानीय तहमा उपलब्ध स्रोतको पहिचान तथा उपयोग
- स्थानीयस्तरमा सम्भावना भएका व्यवसाय सञ्चालनसम्बन्धी योजनाको सामान्य ढाँचासहितको अभिमूखीकरण
- स्थानीय स्तरमा प्रयोग हुने प्रविधिको पहिचान, प्रयोग र संरक्षण
- सान्दर्भिक एवम् व्यवहारिक शिक्षण योजना निर्माण र सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन
- विद्यार्थी मूल्याङ्कनका साधन निर्माण र प्रयोग

## ३. तालिमका विषयवस्तु

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| १. | विषय सन्दर्भ, आवश्यकता, महत्त्व तथा पाठ्यक्रम | ● उद्घाटन<br>● आधारभूत तहको कक्षा ६-८ मा यो विषय समावेश गर्नुको सन्दर्भ, ऐतिहासिक पृष्ठभूमि<br>● पेसा, व्यवसाय र प्रविधि शिक्षाको परिचय, आवश्यकता र महत्त्व<br>✓ पेसा, व्यवसाय र प्रविधि विषयको पाठ्यक्रम अध्ययन (तहगत सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम) | १ |
| २. | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीबीच अन्तर्सम्बन्ध र प्रयोग | ✓ पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबिच अन्तरसम्बन्ध (आवद्धता तथा अन्तर)<br>✓ थप सन्दर्भ सामग्रीको उपलब्धता र प्रयोग (स्थानीय स्रोत, छापा, विद्युतीय माध्यम लगायतमा उपलब्ध) | १ |
| ३. | वृत्तिविकासका सम्भावित क्षेत्र | ✓पेसागत वर्गीकरण तथा सूचीकरण (कृषि, शिक्षण, व्यापार, चिकित्सा, इञ्जिनियरिङ लयागत) | २ |

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| | पहिचान | ✓विद्यार्थीको रुचि, क्षमता तथा स्तर पहिचानका तरिका<br>o रुचि, क्षमता तथा स्तर पहिचानका लागि नमुना साधन निर्माण (अभ्यास)<br>o स्वतन्त्र परियोजना कार्य | |
| ४. | व्यवसाय अभिमुखीकरण | ✓पेसा र व्यवसायबिच अन्तर्सम्बन्ध<br>✓व्यवसायका क्षेत्रहरुको पहिचान<br>o कृषि र गैरकृषि<br>✓ व्यवसायको सामान्य व्यवहारिक ढाँचा निर्माण | ३ |
| ५. | प्रविधि शिक्षा | ● स्थानीय स्तरमा प्रयोग भएका प्रविधिको परिचय, प्रकार (परम्परागत र आधुनिक), प्रयोग र संरक्षण<br>● वैकल्पिक उर्जाको महत्त्व र प्रयोग | १ |
| ६. | सिकाइ सहजीकरण | सैद्धान्तिक<br>✓पाठ्यक्रमले तोकेका शिक्षण प्रक्रिया तथा विधि र तिनीहरूको शिक्षण सिकाइमा प्रयोग<br>✓अन्य सम्भाव्य सान्दर्भिक शिक्षण विधिको खोजी र तिनीहरूको शिक्षण सिकाइमा प्रयोग<br>प्रयोगात्मक<br>● प्रयोगात्मक कार्यहरू: प्रदर्शन, स्थलगत अध्ययन, लघुपरियोजना, खोज, सामग्री निर्माण र प्रयोग<br>● स्थानीय स्तरमा उपलब्ध स्रोत ( मानवीय, गैरमानवीय र प्रविधि), सन्दर्भ सामग्रीको खोज र उपयोग<br>● स्थानीय स्रोतव्यक्ति, जानिफकार वा उद्यमीको परिचालन (विषयवस्तुसँग सम्बन्धित, उदाहरणका लागि माटाको भाँडा बनाउने व्यक्ति)<br>● क्षेत्रभ्रमण (सान्दर्भिकता र सम्भावनाअनुकुल) तथा परियोजना कार्य<br>● सूचना प्रविधि लगायत विद्यालयमा उपलब्ध प्रयोगशाला तथा स्रोतसाधनको उपयोग<br>● सिकाइ र दैनिक जीवनबिचको अन्तर्सम्बन्ध (परियोजना | ३ |

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| | | लगायतका कार्यलाई घरायसी वा सामुदायिक कामसँग आवद्ध गराउने) | |
| ७. | सिकाइ योजना निर्माण र प्रयोग | ✓व्यवहारिक पाठयोजना निर्माण (पेसागत शिक्षा, व्यवसाय अभिमुखीकरण र प्रविधिका सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्ष समेटिने गरी)<br>✓सूक्ष्म शिक्षण र पृष्ठपोषण आदानप्रदान | २ |
| ८. | सिकाइ मूल्यांकन | ✓पाठ्यक्रमले तोकेको मूल्याङ्कन सम्बन्धी व्यवस्था<br>✓निरन्तर विद्यार्थी मूल्याङ्कन र यसको प्रयोग<br>✓विशिष्टीकरण तालिकाको अध्ययन, विश्लेषण र परीक्षा साधन निर्माणमा यसको प्रयोग : सैद्धान्तिक र प्रयोगात्मक<br>✓परीक्षाफल विश्लेषण, पृष्ठपोषण प्रदान र सिकाइमा यसको प्रयोग<br>✓समापन | २ |

## ४. तालिम कार्यान्वयन कार्यविधि

### क. तालिमको अवधि

यो तालिम पाँच दिन अवधिको हुनेछ । पाँचै दिन आमने सामने पद्धतिबाट शैक्षिक तालिम केन्द्र मार्फत तालिम सञ्चालन हुनेछ । प्रति दिन तिन सत्रका दरले पाँच दिन अवधिमा १५ ओटा सेसनहरु सञ्चालन हुनेछन् । प्रति सेसन एक घण्टा ३० मिनेटको हुनेछ ।

### ख. तालिमको लक्षित समूह

यस तालिमको लक्षित समूह सामुदायिक विद्यालयमा आधारभूत तहमा पेसा, व्यवसाय र प्रविधि शिक्षा विषय अध्यापनरत शिक्षक हुनेछन् । सहभागी छनोटका लागि शैक्षिक तालिम केन्द्रले सम्बन्धित जिल्ला शिक्षा विकास तथा समन्वय इकाइसँग सहकार्य गर्नेछ ।

### ग. तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

- तालिम कार्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा सञ्चालन हुनेछ ।

- शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात ३ सेसनसम्म विषयबस्तु शैक्षिक तालिम केन्द्रले स्थानीय सरोकारवालाहरुको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्नेछ।
- शैक्षिक तालिम केन्द्रले स्थानीय आवश्यकता अनुसार ५ दिनको छुट्टै तालिम पाठ्यक्रम विकास गर्न सक्ने छ । यसरी विकास गरिएको पाठ्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन गर्नु पर्नेछ।

**घ. तालिम सहजीकरण**

- शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोतकेन्द्रका विषय विज्ञ, प्रशिक्षक वा रोष्टर प्रशिक्षकबाट तालिम सेसन सहजीकरण गरिने छ । रोष्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारूप, २०७२ ले तोकेको आधार पुरा गरेको व्यक्ति हुनुपर्दछ।
- तालिमका सेसन सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्नु पर्नेछ।
- तालिमका लागि आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सामग्रीहरु तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्नेछ।
- सिकाइ सहजीकरणका विधि तथा सुचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयबस्तुसँग आबद्ध गरेर मात्र प्रयोग गर्नुपर्नेछ।
- तालिम सञ्चालन गर्दा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छ :
    - ✓ प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
    - ✓ अन्तरक्रिया विधि
    - ✓ छलफल तथा समूह कार्य विधि
    - ✓ परियोजना कार्य विधि
    - ✓ अवलोकन विधि
    - ✓ मामला अध्ययन
    - ✓ समस्या समाधान र स्वअध्ययन विधि

- ✓ खेल विधि
- ✓ समूह शिक्षण विधि

## ५. तालिम मूल्याङ्कन

क. यस तालिममा सहभागी शिक्षकहरुको मूल्याङ्कन निरन्तर रुपमा उनीहरुले तालिमका दौरान निभाएको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिताका आधारमा गरिनेछ । छलफल, समुह कार्य र प्रस्तुतिका साथै प्रिटेष्ट तथा पोष्टटेष्ट पनि मूल्याङ्कनका आधार हुनेछ ।

ख. सहभागी शिक्षकहरुलाई तालिम पश्चात् तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिनेछ ।

## ६. कार्ययोजना तथा प्रतिबद्धता

क. सहभागीहरुले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तिमा पाँच ओटा क्रियाकलापको कार्ययोजना बनाई प्रस्तुत गर्नुपर्नेछ ।

| क.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख. तालिम अवधिमा निर्माण गरिएका पाठयोजना समेत कार्ययोजनामा आबद्ध गरी कक्षा शिक्षण गर्नुपनेछ ।

ग. सहभागीहरुले कार्ययोजना बमोजिमका सुधार गर्ने प्रतिबद्धता शैक्षिक तालिम केन्द्र समक्ष गर्नु पर्नेछ ।

घ. शिक्षकले जाहेर गरेको प्रतिबद्धता शैक्षिक तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनुपर्नेछ ।

ΩΩΩ